# राष्ट्रिय खेलकुद प्रतियोगिता
# सञ्चालन निर्देशिका - २०७५

युवा तथा खेलकुद मन्त्रालयबाट

स्वीकृत मितिः २०७५।०९ ।२६

**प्रस्तावनाः**

स्थानीय स्तरदेखि खेल प्रतिभाको खोजी र पहिचान गरी प्रतिभावान खेलाडी उत्पादन गर्ने, खेलकुदको विकास तथा विस्तार गर्ने प्रयोजनका लागि प्रत्येक दुई वर्षमा चक्रीय प्रणालीमा सात वटै प्रदेशमा सञ्चालन हुने राष्ट्रिय खेलकुद प्रतियोगितालाई मर्यादित तथा व्यवस्थित बनाउन नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७५।०९।१९ मा प्राप्त स्वीकृति अनुसार युवा तथा खेलकुद मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस निर्देशिकाको नाम "राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका - २०७५" रहेको छ ।

(ख) यो निर्देशिका स्वीकृत भएपछि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ख) "परिषद्" भन्नाले राष्ट्रिय खेलकुद परिषद्लाई सम्झनु पर्दछ ।

(ग) "सदस्य-सचिव" भन्नाले राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिव सम्झनु पर्दछ ।

(घ) "सदस्य" भन्नाले राष्ट्रिय खेलकुद परिषद्को बोर्ड सदस्य सम्झनु पर्दछ ।

(ङ) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न परिषद्द्वारा गठित कार्यकारी समितिलाई सम्झनु पर्दछ ।

(च) "उपसमिति" भन्नाले राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न परिषद्द्वारा गठित विभिन्न उपसमितिलाई सम्झनु पर्दछ ।

(छ) "प्रदेश खेलकुद विकास समिति" भन्नाले परिषद्अन्तर्गत प्रदेश स्तरको निकायलाई सम्झनु पर्दछ ।सो शब्दले प्रदेश खेलकुद विकास समिति गठन नभएसम्मका लागि प्रदेशमा रहेको क्षेत्रीय खेलकुद विकास समिति वा प्रदेश स्तरको प्रतियोगिता सञ्चालन गर्न परिषद्ले तोकेको समिति समेतलाई बुझाउनेछ ।

(ज) "जिल्ला खेलकुद विकास समिति" भन्नाले परिषद्अन्तर्गत जिल्ला स्तरीय निकायलाई सम्झनु पर्दछ ।

(झ) "राष्ट्रिय खेलकुद प्रतियोगिता" भन्नाले खेलकुद परिषद्द्वारा आयोजना गरिने जिल्ला प्रतियोगिता र प्रदेश प्रतियोगिताबाट तयार गरिएका टिमहरु, विभागीय टिमहरु तथा गैह्र आवासीय

नेपाली संघ (एन.आर.एन.ए.) टिमबीच तोकिएको स्थानमा, तोकिएको खेलहरु समावेश गरी गरिने राष्ट्रिय प्रतियोगितालाई सम्झनु पर्दछ ।

(ञ) "राष्ट्रिय खेलकुद संघ" भन्नाले खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न कानुन बमोजिम दर्ता भई राष्ट्रिय खेलकुद परिषदबाट सम्बन्धन प्राप्त गरेको खेलकुद संघलाई सम्झनु पर्दछ ।

(ट) "विभागीय टिम" भन्नाले सुरक्षा निकायका आ-आफ्नै निकाय अन्तर्गतको प्रतियोगिताबाट छनौट भई आउने टिमलाई सम्झनु पर्दछ ।

(ठ) "गैह्र आवासीय नेपाली संघ (एन.आर.एन.ए.) टिम" भन्नाले विदेशमा रहेका नेपाली खेलाडीहरू बीच छनौट भई आएको टिमलाई सम्झनु पर्दछ ।

३. **<u>उद्देश्यः</u>** जिल्ला, प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

(क) खेलकुदलाई जनस्तरसम्म खेल जागरण अभियानको रुपमा सञ्चालन गर्ने ।

(ख) जिल्ला, प्रदेश र राष्ट्रिय प्रतियोगिताको माध्यमबाट तहगत रुपमा उत्कृष्ठ खेलाडीहरुको पहिचान र संरक्षण गर्ने ।

(ग) प्रतिभाशाली खेलाडीहरुको छनौट गरी स्थानीयस्तरदेखि नै वैज्ञानिक ढंगले प्रशिक्षण सञ्चालन गर्ने ।

(घ) देशका युवा शक्तिलाई खेलकुदप्रति आकर्षित गरी खेल संस्कृतिको विकास गर्ने ।

(ङ) अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालले पदक प्राप्त गर्न सक्ने खेलाडी छनौट गर्ने ।

(च) सबैका लागि खेलकुद, शान्ति विकास र राष्ट्रिय एकता कायम गर्ने ।

(छ) जिल्ला,प्रदेश तथा राष्ट्रिय स्तरमा भौतिक पूर्वाधार निर्माण एवं मर्मत सम्भार गरी प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्ने गराउने व्यवस्था मिलाउने ।

## परिच्छेद - २
## <u>कार्यक्रम सञ्चालन तथा व्यवस्थापन</u>

४. **<u>कार्यक्रम सञ्चालन तथा व्यवस्थापन</u>**ः राष्ट्रिय खेलकुद प्रतियोगिताको कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि खेल छनौटका आधार,समिति तथा उपसमितिहरु देहाय अनुसार हुनेछन् ।

(१) छनौटका आधारहरुः

(क) विगतका राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश भएका खेलहरू

(ख) अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त खेल तथा सम्भावना बोकेका खेलहरू ।

(२) मूल आयोजक समितिः

राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न माननीय युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा राष्ट्रिय योजना आयोगका युवा तथा खेलकुद हेर्ने माननीय सदस्य,संघीय संसदका खेलकुदसँग सम्बन्धित समितिका सभापति एवं सदस्यहरू, प्रतियोगिताका आयोजना स्थलका सम्बन्धित प्रदेशका मुख्य मन्त्री, संघीय संसदका सदस्यहरू, प्रदेश सामाजिक विकास मन्त्री, मन्त्रालयका सचिव, प्रदेश प्रमुख सचिव, प्रदेश सभाका माननीय

साँसदहरु, मन्त्रालयका खेलकुद हेर्ने सहसचिव र प्रदेश सामाजिक विकास (सचिव), प्रतियोगिता आयोजना हुने सम्बन्धित प्रदेश सभाका खेलकुदसँग सम्बन्धित समितिका सभापति, आयोजना स्थलका सम्बन्धित स्थानीय तहका प्रमुखहरू, राष्ट्रिय खेलकुद परिषद्का सदस्यहरू, खेलकुद क्षेत्रका विशिष्ठ व्यक्तित्वहरु, नेपाल ओलम्पिक कमिटीको अध्यक्ष, उद्योगी, व्यापारी, सम्बन्धित प्रशासनिक प्रमुखहरु, गैह्र आवासीय नेपाली संघ (एन.आर.एन.ए.) का अध्यक्ष, नेपाल खेलकुद पत्रकार मन्चका अध्यक्ष, प्रतियोगितामा समावेश हुने खेलका राष्ट्रिय खेल संघका अध्यक्षहरु लगायत आवश्यक व्यक्ति वा संस्था सम्मिलित एउटा मूल आयोजक समिति राष्ट्रिय खेलकुद परिषद्ले गठन गर्नेछ। आयोजक समिति मातहत रहने गरी विभिन्न समिति र उपसमिति गठन गरिनेछ ।

(३) अनुगमन, निरीक्षण तथा मूल्याङ्कन विशेष समिति : माननीय युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा देहायबमोजिम राष्ट्रिय खेलकुद प्रतियोगिता अनुगमन निरीक्षण तथा मूल्याङ्कन विशेष समिति गठन गरिनेछ ।

(क) मन्त्री, युवा तथा खेलकुद - अध्यक्ष

(ख) सम्बन्धित प्रदेशका मुख्य मन्त्री - सदस्य

(ग) प्रतियोगिता आयोजना हुने सम्बन्धित जिल्लाका संघीय संसदका माननीय सदस्यहरू - सदस्य

(घ) संघीय संसदका खेलकुदसँग सम्बन्धित समितिका सभापति - सदस्य

(ङ) सम्बन्धित प्रदेशका सामाजिक विकास मन्त्री - सदस्य

(च) सचिव, युवा तथा खेलकुद मन्त्रालय - सदस्य

(छ) प्रतियोगिता आयोजना हुने सम्बन्धित जिल्लाका प्रदेश सभाका माननीय सदस्यहरू - सदस्य

(ज) सम्बन्धित प्रदेश सभाका खेलकुदसँग सम्बन्धित समितिका सभापति - सदस्य

(झ) उपाध्यक्ष, राष्ट्रिय खेलकुद परिषद् - सदस्य

(ञ) सहसचिव, युवा तथा खेलकुद मन्त्रालय - सदस्य

(ट) प्रतियोगिता आयोजना स्थलका स्थानीय तहका प्रमुखहरू - सदस्य

(ठ) सदस्य सचिव, राष्ट्रिय खेलकुद परिषद् - सचिव

(४) कार्यकारी समिति र यसका काम कर्तव्यहरु

(अ) राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न तपसिल बमोजिमको कार्यकारी समिति गठन गरिनेछ ।

(क) सदस्य-सचिव, राष्ट्रिय खेलकुद परिषद् - संयोजक

(ख) कोषाध्यक्ष, राष्ट्रिय खेलकुद परिषद् - सदस्य

(ग) सह– सचिव, युवा तथा खेलकुद मन्त्रालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ङ) राष्ट्रिय खेलकुद परिषद्का सदस्यहरुमध्येबाट परिषदका अध्यक्षले तोकेको कम्तीमा दुई जना महिला सहित ५ जना - सदस्य

(च) परिषद्को सदस्यमध्येबाट राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुने सम्बन्धित प्रदेशका राष्ट्रिय खेलकुद परिषदमा प्रतिनिधित्व गर्ने सदस्यहरु - सदस्य

(छ) विभागीय टिमका प्रतिनिधिहरु - सदस्य

(ज) गैह्र आवासीय नेपाली संघ (एन.आर.एन.ए.) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(झ) राष्ट्रिय प्रतियोगिता आयोजना हुने सम्बन्धित प्रदेश खेलकुद परिषद्का अध्यक्ष - सदस्य

(ञ) अध्यक्ष, नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ - सदस्य

(ट) अध्यक्ष, नेपाल ओलम्पियन संघ - सदस्य

(ठ) नेपाल ओलम्पिक कमिटिका अध्यक्ष वा प्रतिनिधि - सदस्य

(ड) अध्यक्ष, राष्ट्रिय खेलकुद परिषद् कर्मचारी संघ - सदस्य

(ढ) राष्ट्रिय खेलकुद प्रतियोगिता - २०७५ का सचिवालय प्रमुख - सदस्य सचिव

साथै कार्यकारी समितिका संयोजकले आवश्यक ठानेका महानुभावहरूलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराउन सकिनेछ ।

(आ) कार्यकारी समितिका काम, कर्तव्यहरु देहायबमोजिम हुनेछन् ।

(क) राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि स्वीकृत भएको बजेटको परिधिभित्र रही आवश्यक कार्य गर्ने/गराउने ।

(ख) राष्ट्रिय प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(ग) कार्यकारी समिति अन्तर्गत गठित उपसमितिहरुलाई कार्यादेश दिने ।

(घ) उपसमितिहरुलाई कार्यकारी समितिले तोके बमोजिमको कार्य सम्पादन विवरण उपलब्ध गराउने ।

(ङ) आर्थिक क्रियाकलाप सञ्चालनका लागि आर्थिक कार्यविधि तयार गरी सोही अनुरुप आर्थिक क्रियाकलापलाई मितव्ययी, पारदर्शी बनाई सञ्चालन गर्ने र उपसमितिद्वारा पेश भएको शीर्षकगत प्रस्तावित खर्च विवरण उपर स्वीकृत प्रदान गर्ने ।

(च) राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न भएको डेढ महिना भित्र राष्ट्रिय खेलकुद प्रतियोगितामा भएको खर्च सहितको प्रगति विवरण राष्ट्रिय खेलकुद परिषद्बाट अनुमोदन गराई युवा तथा खेलकुद मन्त्रालय समक्ष पेश गर्ने तथा सार्वजनिकीकरण गर्ने ।

(छ) सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरी प्रतियोगिता सम्पन्न गर्ने ।

(ज) मूल आयोजक समिति र अनुगमन निरीक्षण तथा मूल्याङ्कन विशेष समितिको निर्देशन अनुसार काम गर्ने।

(झ) निमन्त्रणा गरिएका अति विशिष्ट/विशिष्ट अतिथिहरुका लागि स्वागत सत्कारको आवश्यक व्यवस्थापन गर्ने ।

(ञ) समावेश गरिने खेल संख्या, खेलाडी कोटा, खेल स्थल निर्धारण गर्ने।

(ट) राष्ट्रिय प्रतियोगिताका लागि आवश्यक मेडल तथा प्रमाण पत्रहरुको व्यवस्थापन गर्ने।

(ठ) खेलकुदमा सहभागिता जनाउने खेलाडी, प्रशिक्षक, टिम व्यवस्थापक, टिम कोच, कर्मचारी, पदाधिकारीहरूको बिमाको व्यवस्था गर्ने ।

(५) उपसमितिः

(क) राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न परिषद्को बैठकबाट कार्यकारी समितिको अन्तर्गत रहने गरी आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्न सकिनेछ । उपसमितिहरुलाई कार्य क्षेत्र निर्धारण गरी काममा लगाउन सकिनेछ । राष्ट्रिय खेलकुद प्रतियोगिता तयारीका लागि गठित उपसमितिहरु तपसिल बमोजिम रहने छन् ।

<u>तपसिल</u>

(१) समारोह उपसमिति
(२) प्राविधिक उपसमिति
(३) खेलस्थल व्यवस्थापन उपसमिति
(४) बसोबास व्यवस्थापन उपसमिति
(५) अनुशासन उपसमिति
(६) स्वास्थ्य उपसमिति
(७) यातायात व्यवस्था उपसमिति
(८) सुरक्षा प्रबन्ध उपसमिति
(९) प्रचार प्रसार उपसमिति
(१०) खेल सामाग्री तथा पोशाक व्यवस्थान उपसमिति
(११) श्रोत परिचालन उपसमिति
(१२) अनुगमन उपसमिति

ख) स्थानीय आयोजना स्थलमा आवश्यकतानुसार उपसमितिको मातहतमा रहने गरी स्थानीय स्तरका उपसमितिहरु बनाई राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न सकिनेछ ।

(ग) यसरी गठित उपसमितिहरुको संयोजकमा आवश्यकता अनुसार परिषद्को सदस्य वा परिषद्ले तोकेको व्यक्तिलाई छनौट गर्न सकिनेछ ।

## परिच्छेद - ३
## खेलाडी दर्ता तथा प्रतियोगिताको स्वरुप

५. **प्रतियोगिताको स्वरुप:** नियमित एवं विशेष प्रशिक्षणलाई प्रभावकारी तवरबाट सञ्चालन गरी राष्ट्रिय खेलकुद परिषद्द्धारा निर्धारण गरिएको अवधिभित्र जिल्ला प्रतियोगिता, सो प्रतियोगिताबाट जिल्ला टिम तयार गरी प्रदेश प्रतियोगिता तथा प्रदेश प्रतियोगिताबाट प्रदेशको टिम तयार गरी राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

६. **खेलाडी दर्ता सम्बन्धी व्यवस्था :** खेलाडी दर्ता सम्बन्धी व्यवस्था देहायअनुसार हुनेछ ।

(क) राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीहरुको जिल्ला दर्ताका लागि राष्ट्रिय खेलकुद परिषद्ले तोकेको मितिभित्र खेलाडी दर्ता फाराम प्रदेश खेलकुद विकास समितिमार्फत् सम्पूर्ण जिल्ला खेलकुद विकास समितिमा उपलब्ध गराई खेलाडी दर्ता प्रकृया पूरा गरी प्रदेश खेलकुद विकास समितिद्वारा तोकिएको समयभित्र खेलाडी दर्ता फाराम भरी परिषद् समक्ष उपलब्ध गराउनु पर्नेछ ।

(ख) जिल्लाबाट प्रदेश प्रतियोगितामा सहभागी हुने खेलाडीहरुले तीन प्रति [१ (एक) प्रति सम्बन्धित जिल्लालाई, १ (एक) प्रति प्रदेश खेलकुद विकास समितिलाई र १ (एक) प्रति राष्ट्रिय खेलकुद परिषद्का लागि] खेलाडी दर्ता फाराम भर्नुपर्नेछ । फाराममा पासपोर्ट साइजको फोटो अनिवार्य टाँसी जिल्ला खेलकुद विकास समितिमा पेश गर्ने र जिल्ला खेलकुद विकास समितिले एक प्रति जिल्लामै राखी बाँकी प्रति प्रदेश परिषद् र राष्ट्रिय खेलकुद परिषदमा उपलब्ध गराउनु पर्नेछ ।

(ग) प्रदेश प्रतियोगिताबाट सोझै राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीहरुका लागि तीन प्रति[१ (एक) प्रति सम्बन्धित प्रदेशलाई, एक प्रति राष्ट्रिय खेलकुद परिषद्, १ (एक) प्रति सम्बन्धित खेल संघलाई] खेलाडी दर्ता फाराम भर्नु पर्नेछ । फाराममा फोटो अनिवार्य रहेको हुनु पर्नेछ ।

(घ) राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडी र पदाधिकारीहरुको हकमा जिल्ला, प्रदेश वा संघको सिफारिस पत्र अनिवार्य रुपमा फोटो सहित पेश गर्नुपर्नेछ । नामावली सहित फोटो समावेश नभएमा प्रतियोगिता स्थलमा निजले पाउने कुनै पनि सेवा सुविधा र खेलाडी भत्ता उपलब्ध गराइने छैन । खेलाडी दर्ता सम्बन्धी व्यवस्था अनुसूचि-१ बमोजिम हुनेछ ।

(ङ) जिल्ला प्रतियोगिताः

राष्ट्रिय खेलकुद परिषद्ले जिल्ला खेलकुद विकास समितिलाई उपलब्ध गराएको खेलाडी दर्ता फाराम भरी जिल्लामा दर्ता भएका खेलाडीहरु सहभागी गराई जिल्ला प्रतियोगिताको

आयोजना गर्नुपर्नेछ । उक्त प्रतियोगितामा सहभागी भएका टिम गेमतर्फ विजयी टिमका साथै जिल्ला छनौट समितिले छनौट गरेका अन्य सहभागी टिमका प्रतिभाशाली खेलाडीहरु तथा व्यक्तिगत प्रतिस्पर्धातर्फ प्रथम स्थान प्राप्त गर्ने विजयी खेलाडीहरु समेतलाई समावेश गरी उत्कृत्ष्टताको आधारमा जिल्ला टिम तयार गरी प्रदेश प्रतियोगितामा सहभागी गराउनु पर्नेछ ।

(च) प्रदेश प्रतियोगिताः

(१) राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलहरुको चरणबद्ध रुपमा प्रतियोगिताहरु गर्नुपर्नेछ । जिल्ला प्रतियोगिताबाट प्रदेश प्रतियोगिता गर्नुपर्नेछ । जिल्ला प्रतियोगिताबाट प्रदेश प्रतियोगिताका लागि सहभागी हुने जिल्ला टिमहरुको बीचमा प्रदेश स्तरीय प्रतियोगिता आयोजना गरिनेछ । प्रदेश प्रतियोगितामा सहभागी भएका टिम गेम तर्फ विजयी टिमका साथै प्रदेश छनौट समितिले छनौट गरेका अन्य सहभागी टिमका प्रतिभाशाली खेलाडीहरु तथा व्यक्तिगत स्पर्धातर्फ प्रथम स्थान प्राप्तगर्ने विजयी खेलाडीहरु समेतलाई समावेश गरी उत्कृष्टताको आधारमा प्रदेश टिम तयार गरी राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी गराइनेछ।

(२) प्रदेश प्रतियोगिता गर्नका लागि ४ (चार) जिल्ला अनिवार्य रुपमा सहभागी हुनुपर्नेछ।

(३) कतिपय खेलहरु केही जिल्लामा मात्रै सिमित भएको हुँदा त्यस्ता खेलहरुलाई खुल्ला प्रदेश प्रतियोगिता आयोजना गरी प्रदेश टिम छनौट गर्न सकिनेछ ।

(छ) राष्ट्रिय प्रतियोगिताः

(१) राष्ट्रिय खेलकुद प्रतियोगितामा सात प्रदेशका टिम, तीन विभागीय टिम र गैह्र आवासीय नेपाली संघ (एन.आर.एन.ए.) टिम गरी जम्मा एघार टिमसम्मको सहभागिता गराई राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन हुनेछ । तर गैह्र आवासीय नेपाली संघ (एन.आर.एन.ए.) टिमको खेलाडी व्यक्तिगत इभेन्टमा मात्र सहभागी हुन पाउनेछ । यसरी गैह्र आवासीय नेपाली संघ (एन.आर.एन.ए.) टिमको तर्फबाट सहभागी हुने खेलाडी तथा प्रशिक्षक नेपालको प्रचलित कानुनले कारवाहीका लागि सिफारिस नगरेको र सो सम्बन्धी कसुर नगरेको हुनुपर्नेछ ।

(२) राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्नको लागि कम्तिमा चार टिमको सहभागिता हुनुपर्नेछ । व्यक्तिगत प्रतिस्पर्धातर्फ प्रत्येक इभेन्ट तथा तौल समूहको हकमा सम्बन्धित खेलको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संघको नियमानुसार हुनेछ ।

(३) प्रदेश प्रतियोगिता हुन नसक्ने खेलहरूको हकमा प्रदेश छनौट मार्फत् टिम तयार गरी खुल्ला राष्ट्रिय प्रतियोगिता आयोजना गरिनेछ।

(४) राष्ट्रिय खेलकुद प्रतियोगितामा परिषद्ले तोकेको खेलहरू मात्र समावेश गरिनेछ ।

(५) खेलको जिल्ला, प्रदेश र राष्ट्रिय प्रतियोगिताहरू परिषद्ले तोकेको मितिमा सञ्चालन गरिनेछ ।

## परिच्छेद – ४

## निरीक्षण तथा अनुगमन

७. **निरीक्षण तथा अनुगमन समितिः** प्रतियोगिता सञ्चालन एवं व्यवस्थापनको अनुगमन तथा निरीक्षणका लागि देहाय अनुसारका समितिहरु रहनेछन् ।

(१) जिल्ला प्रतियोगिता निरीक्षण तथा अनुगमन समितिको गठन

(क) प्रदेश खेलकुद विकास समितिको प्रमुख - संयोजक

(ख) सम्बन्धित जिल्ला खेलकुद विकास समितिका अध्यक्ष - सदस्य

(ग) प्रदेश खेलकुद विकास समितिका सदस्यहरूमध्ये अध्यक्षले तोकेको एक जना -सदस्य

(घ) प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुख - सदस्य

(ङ) सम्बन्धित प्रदेश खेलकुद विकास समितिको प्रशिक्षण प्रमुख - सदस्य

(२) प्रदेशस्तरीय खेलकुद प्रतियोगिता निरीक्षण तथा अनुगमन समिति

(क) राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष - संयोजक

(ख) राष्ट्रिय खेलकुद परिषद्का सम्बन्धित प्रदेशका सदस्यहरू - सदस्य

(च) युवा तथा खेलकुद मन्त्रालयका अधिकृत प्रतिनिधि - सदस्य

(च) राष्ट्रिय खेलकुद प्रतियोगिता तयारी सचिवालयका प्रमुख - सदस्य

(च) परिषद्का तालिम तथा प्रशिक्षण विभागका प्रमुख - सदस्य

(३) समितिको काम, कर्तव्य र जिम्मेवारीः

(क) निरीक्षण तथा अनुगमनकर्तालाई आवश्यक विवरण उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(ख) निरीक्षण तथा अनुगमनकर्ताले आवश्यक निर्देशन दिन सक्नेछ । उक्त निर्देशन पालना गर्नु सम्बन्धित पदाधिकारी तथा निकायको जिम्मेवारी हुनेछ ।

(ग) निरीक्षण तथा अनुगमनकर्ताले निरीक्षण तथा अनुगमन प्रतिवेदन सम्बन्धित निकायहरूमा पेश गर्नुपर्नेछ ।

(घ) निरीक्षण एवं अनुगमन समितिका संयोजक एवं संस्थाहरूलाई राष्ट्रिय खेलकुद परिषद्को नियमानुसार सुविधा उपलब्ध गराउने ।

## परिच्छेद – ५

## निर्देशन तथा खेलकुद व्यवस्थापन

८. **प्रतियोगिता सम्बन्धी निर्देशनहरू:** खेलाडीहरुको दर्ता तथा सिफारिस सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ ।

(क) खेलाडीहरूले आफूले भाग लिन चाहने खेलमा आ-आफ्नो जिल्लाको जिल्ला खेलकुद विकास समितिमा अनिवार्य रूपमा नाम दर्ता गराएर मात्र सहभागी हुन पाउने छन् ।

(ख) खेलाडी दर्ताको नियम जिल्ला, प्रदेश र राष्ट्रिय प्रतियोगिताहरूमा लागू हुनेछ ।

(ग) खेलाडी दर्ता सम्बन्धी नमुना अनुसूची १ मा व्यवस्था गरिएको छ ।

(घ) खेलाडी दर्ता फाराम भरेका कुनै पनि खेलाडीहरूले आफ्नो जिल्ला, प्रदेशबाट आफूले दर्ता गरेको खेलमा मात्र भाग लिन पाउनेछन् ।

(ङ) कुनै पनि खेलाडीले एकभन्दा बढी खेल तथा एकभन्दा बढी जिल्लाहरूमा आफ्नो नाम दर्ता गराएमा सो खेलाडीलाई राष्ट्रिय प्रतियोगितामा भाग लिन दिइने छैन । साथै कुनै जिल्लाले कुनै खेलाडीको झुट्टा फारम पेश गरिएको प्रमाणित भएको खण्डमा सम्बन्धित समितिलाई कारवाही गरिनेछ ।

(च) खेलाडी दर्ता सम्बन्धमा उत्पन्न हुने कुनै पनि विवादको निर्णय सम्बन्धित संघ वा आयोजक समितिले नै गर्नेछ । सो सम्भव नभएमा राष्ट्रिय खेलकुद परिषद्ले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(छ) सहभागी हुने जिल्लाका टिमहरू प्रतियोगिता सुरू हुने मितिभन्दा एक दिन अगावै अनिवार्य रूपमा प्रतियोगिता हुने स्थलमा पुगी सक्नुपर्नेछ । मनासिब कारण बाहेक प्रतियोगिता तालिका प्रकाशित भैसकेपछि प्रतियोगिता स्थलमा नपुग्ने टिमलाई प्रतियोगितामा समावेश गराइने छैन । सहभागी नभएको खण्डमा उनीहरूलाई कुनै सहुलियत पनि प्रदान गरिने छैन ।

(ज) सहभागी हुने जिल्लाबाट प्रतिनिधित्व गर्ने खेलाडी तथा अफिसियलको नामावली सम्बन्धित जिल्ला खेलकुद विकास समितिबाट प्रतियोगितामा समावेश गरिदिने भन्ने आवश्यक प्रशासनिक प्रक्रिया पूरा गरिएको पत्रका साथ सहभागी टिमले अनिवार्य रूपमा आयोजक समितिमा पेश गर्नुपर्नेछ ।

(झ) प्रदेश तथा राष्ट्रिय प्रतियोगितामा राष्ट्रिय संघका पदाधिकारीहरू आयोजना स्थलमा दुई दिन अगावै पुग्नु पर्नेछ र राष्ट्रिय प्रतियोगितामा जाँदा वढीमा तीन जनालाई र प्रदेश प्रतियोगितामा

जाँदा बढीमा दुई जनालाई मात्र आयोजक समितिबाट दैनिक तथा भ्रमण भत्ता सुविधा उपलब्ध गराइनेछ । प्रतियोगिता स्थलमा पुग्नासाथ सम्बन्धित पदाधिकारीहरूले आधिकारिक पत्रका साथ आयोजक समितिसँग सम्पर्क गरी एक्रिडेसन कार्ड लिनुपर्नेछ ।

(ञ) जिल्लाबाट राष्ट्रिय प्रतियोगितामा सहभागी हुन जाने राष्ट्रिय खेलाडीहरूको सहभागिताको क्रममा पूर्व प्रदान गरिएको राष्ट्रिय खेलाडी दर्ता नं. अनिवार्य उल्लेख गर्नु पर्नेछ । तर उक्त दर्ता नं. उल्लेख नभई सहभागी भएको खण्डमा बुँदा (ज) मा उल्लेखित प्रकृया पूरा गरी आउनु पर्नेछ ।

(ट) यदि कुनै सहभागी खेलाडीले अनुशासनहीन कार्य गरेमा निज खेलाडीलाई प्रतियोगिता आयोजक समिति र सम्बन्धित संघले निलम्बन सहितको कारवाही चलाउन सक्नेछ र सोको जानकारी राष्ट्रिय खेलकुद परिषद्मा दिनु पर्नेछ ।

(ठ) जिल्ला तथा राष्ट्रिय खेलाडी दर्ता पहिला नै भइसकेका खेलाडीहरूमध्ये कुनै खेलाडीले जिल्ला परिवर्तन गर्नुपर्ने आवश्यकता परेको खण्डमा त्यस्ता खेलाडीहरूले पूर्व कायम रहेको जिल्ला खेलकुद समितिबाट दर्ता परिवर्तनका लागि सहमति पत्र तथा नयाँ दर्ता कायम हुने जिल्ला खेलकुद विकास समितिको स्वीकृती पत्र सहित प्रतियोगिता स्थलमा दर्ता सम्बन्धी कार्य गर्ने इकाइमा निवेदन पेश हुन आएको खण्डमा त्यस्ता खेलाडीको दर्ता परिवर्तन गर्न सकिनेछ ।

(ड) राष्ट्रिय प्रतियोगितामा सहभागी हुन जाने प्रत्येक खेलका टोलीमा बढीमा दुई जना प्रशिक्षक (महिला खेलाडी हुने खेलमा सकेसम्म एक जना महिला रहने गरी) र एक जना व्यवस्थापकको व्यवस्था गरिनेछ र सोही अनुसार सुविधा उपलब्ध गराइनेछ । तर महिला टिमका लागि थप एक जना प्रशिक्षक पठाउन बाधा पर्ने छैन ।

(ढ) जिल्ला प्रतियोगिता नभएका जिल्लाहरूले प्रदेश प्रतियोगितामा सहभागी हुन पाउने छैन । महोत्सवबाट खेलाडी छनौट गर्न पाउने छैन ।

(ण) राष्ट्रिय खेलकुद परिषद्का कुनै पनि प्रशिक्षक वा सहायक प्रशिक्षक खेलाडी भई प्रतियोगितामा सहभागी हुन चाहेमा त्यस्ता प्रशिक्षक वा सहायक प्रशिक्षकहरूलाई टिम प्रशिक्षकको रूपमा सहभागी गराइने छैन ।

(त) राष्ट्रिय संघका कुनै पनि पदाधिकारी खेलाडी भई सहभागी हुन पाउने छैनन् ।

(थ) प्रशिक्षणमा सहभागी भएको प्रशिक्षकले मात्र टिमको नेतृत्व गर्न पाउनेछ ।

(द) स्वयंसेवक प्रशिक्षकको हकमा संघ र खेलकुद विकास समितिले प्रमाणित गरेको हुनुपर्नेछ ।

(ध) जिल्ला वा प्रदेशमा खेलकुद विकास समिति नभएको जिल्ला वा प्रदेशका हकमा राष्ट्रिय खेलकुद परिषद्ले आयोजक समिति गठन गरी प्रतियोगिता सञ्चालन गर्न गराउन सक्नेछ ।

(न) खेलाडी दर्ता फाराम उल्लेखित नियम अनुसार नै भराउनु पर्नेछ । सोही अनुसार खेलाडीहरूलाई खेलाइनेछ ।

(प) राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलका स्थायी एवं करार प्रशिक्षक नभएको खण्डमा स्वयं सेवक प्रशिक्षकले टिमको नेतृत्व गर्न पाउनेछ ।

(फ) तोकिएको खेल भन्दा बढी खेलमा सहभागिता गराउन चाहेमा जिल्ला खेलकुद विकास समिति आफैले खर्च व्यहोर्ने गरी सहभागिता गराउन सक्नेछ । यदि त्यस्ता खेलमा सहभागी खेलाडीहरूले पदक प्राप्त गर्न सकेको खण्डमा निज खेलाडीहरूलाई परिषद्ले खर्च व्यहोर्नु पर्नेछ ।

९. **<u>आयोजना सञ्चालन एवं समन्वयः</u>** राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीका लागि गरिने चरणबद्ध (जिल्ला, प्रदेश र राष्ट्रिय) प्रतियोगिताहरूको आयोजना, सञ्चालन र समन्वय देहायबमोजिम हुनेछ ।

(क) जिल्ला प्रतियोगिताः

आयोजना - जिल्ला खेलकुद विकास समिति
सञ्चालन - प्राविधिक समिति, जिल्ला संघ, राष्ट्रिय खेल संघ
समन्वय - प्रदेश खेलकुद विकास समिति

(ख) प्रदेश प्रतियोगिताः

आयोजना - प्रदेश खेलकुद विकास समिति
सञ्चालन - प्राविधिक समिति, प्रदेश संघ, राष्ट्रिय खेल संघ
समन्वय - राष्ट्रिय खेलकुद परिषद्

(ग) राष्ट्रिय प्रतियोगिताः

आयोजना - राष्ट्रिय खेलकुद परिषद्
सञ्चालन - प्राविधिक समिति, राष्ट्रिय खेल संघ
समन्वय - युवा तथा खेलकुद मन्त्रालय

१०. **<u>प्रतियोगिता स्थलको छनौट</u>** : प्रतियोगिताका लागि स्थान छनौट गर्दा देहायअनुसार गर्नुपर्नेछ ।

(क) जिल्लास्तरीय प्रतियोगिता स्थल छनौट गर्दा जिल्ला खेलकुद विकास समितिले सम्बन्धित खेलको जिल्ला संघ, जिल्ला प्रशिक्षण केन्द्र तथा सम्बन्धित खेलका प्राविधिक राखी प्रदेश परिषद्सँग समन्वय गरी खेलस्थल छनौट गर्नुपर्नेछ ।

(ख) प्रदेश प्रतियोगिता स्थल छनौट गर्दा सम्बन्धित प्रदेश खेलकुद विकास समितिले प्रदेश खेलकुद प्रशिक्षण केन्द्र, सम्बन्धित खेलका प्रशिक्षक, सम्बन्धित जिल्ला, सम्बन्धित प्रदेश खेल संघ र राष्ट्रिय खेलकुद परिषद्सँग समन्वय राखी प्रतियोगिता स्थल छनौट गर्नुपर्नेछ ।

(ग) राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश गरिएका खेल एवं खेल इभेन्ट्सहरू राष्ट्रिय खेलकुद परिषद्ले तोकेको स्थानमा सञ्चालन हुनेछ ।

११. **<u>खेलाडी छनौट समितिः</u>** जिल्ला तथा प्रदेश प्रतियोगिताबाट राष्ट्रिय प्रतियोगितामा सहभागी हुने टिम गेमका खेलाडीहरूको छनौट गर्न प्रत्येक खेलको लागि देहायबमोजिम छनौट समिति गठन गरिनेछ र छनौट समितिले निश्चित आधारहरू तयार गरी सोही आधारमा खेलाडी छनौट गर्नुपर्नेछ ।

(क) जिल्लास्तरीय प्रतियोगिताः जिल्लास्तरीय छनौट समिति निम्नानुसार रहनेछ ।

(१) जिल्ला खेलकुद विकास समिति, अध्यक्ष - संयोजक

(२) सम्बन्धित खेलको सिनियर प्रशिक्षक - सदस्य

(३) सम्बन्धित खेल संघ वा संघ नरहेको स्थानमा प्राविधिक समिति - सदस्य

(४) सम्बन्धित खेलका प्रशिक्षक - सदस्य

(५) जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख - सदस्य सचिव

(ख) प्रदेश प्रतियोगिताः प्रदेश छनौट समिति निम्नानुसार रहनेछ ।

(१) प्रदेश खेलकुद विकास समितिका अध्यक्ष वा निजले तोकेको व्यक्ति - संयोजक

(२) प्रदेश खेलकुद विकास समितिको प्रशिक्षण प्रमुख वा निजले तोकेको प्रशिक्षक - सदस्य

(३) सम्बन्धित खेल संघ वा प्राविधिक समितिको प्रमुख वा प्रतिनिधि - सदस्य

(४) सम्बन्धित खेलका सिनियर प्रशिक्षक वा प्रशिक्षक - सदस्य

(५) प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुख - सदस्य सचिव

उपर्युक्त छनौट समितिको सिफारिस सहित प्रदेश खेलकुद परिषद्ले राष्ट्रिय खेलकुद परिषद्मा सहभागीहरूको नामावली पठाउनु पर्नेछ ।

(ग) बन्द प्रशिक्षणः

प्रदेश प्रतियोगिताबाट छनौट भई आएका टिम गेमका खेलाडीहरूलाई बढिमा ७ (सात) दिनको बन्द प्रशिक्षणमा राखिनेछ । बन्द प्रशिक्षण सम्बन्धित प्रदेशले व्यवस्थापन गर्नेछ । बन्द प्रशिक्षणमा त्यस प्रदेशका उत्कृष्ट प्रशिक्षकलाई राख्ने व्यवस्था मिलाइनेछ।

१२. **प्रतियोगितामा सहभागिताः** राष्ट्रिय प्रतियोगिताका खेलाडीहरूलाई देहायअनुसार सहभागी गराइनेछ ।

(क) सातै प्रदेशका प्रदेश खेलकुद विकास समितिका अध्यक्ष, प्रशिक्षण केन्द्र प्रमुख, कार्यालय प्रमुखलाई टोली प्रमुख तथा उप-प्रमुखको रूपमा सहभागी गराइनेछ ।

(ख) जिल्ला प्रतियोगिता र प्रदेश प्रतियोगिता गराई जिल्ला टिमले प्रदेशमा र प्रदेश टिमले राष्ट्रिय प्रतियोगिताका लागि प्रतिनिधित्व गर्नेछ ।

(ग) विभागीय टिमहरूको सम्बन्धमा विभागको सिफारिसका आधारमा खेलाडीहरूलाई सहभागी गराइनेछ ।

(घ) गैह्र आवासीय नेपाली संघ (एन.आर.एन.ए.) टिमको सम्बन्धमा सम्बन्धित निकायको सिफारिसको आधारमा खेलाडीहरूलाई सहभागी गराइनेछ ।

१३. **प्रतियोगिता सञ्चालनः** सम्बन्धित खेलका राष्ट्रिय संघहरूले अन्तर्राष्ट्रिय खेलकुद महासंघ तथा राष्ट्रिय संघको नियमानुसार खेल सञ्चालन गर्नुपर्नेछ ।

१४. **खेल सामाग्रीको व्यवस्थाः** (१) राष्ट्रिय खेलकुद परिषद्को प्राविधिक उपसमितिले राष्ट्रिय संघ र सम्बन्धित खेलका मुख्य प्रशिक्षकहरुसँग समन्वय गरी राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी (जिल्ला,

प्रदेश र राष्ट्रिय) र प्रतियोगिताको लागि आवश्यक खेल सामाग्रीहरूको व्यवस्थाका लागि कार्यकारी समितिमा पेश गर्नुपर्नेछ ।

(२) कार्यकारी समितिको निर्णय बमोजिम परिषद्ले खेल सामग्रीको व्यवस्था गर्नेछ ।

१५. <u>खेल पोशाकः</u>

(क) राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि (झोला, ट्रयाकसुट, जुत्ता, मोजा, टावेल) उप समितिको सिफारिसमा कार्यकारी समितिको निर्णयअनुसार राष्ट्रिय खेलकुद परिषद्ले खेल पोशाकको व्यवस्था गर्न सक्नेछ ।

(ख) खेल पोशाक सम्बन्धित प्रदेश र विभागको छुट्टा छुट्टै रङमा तयार गरिनेछ ।

१६. <u>खेल स्थल निर्धारणः</u> राष्ट्रिय खेलकुद परिषद्ले सम्बन्धित प्रदेश, प्राविधिक उपसमिति र राष्ट्रिय संघको समन्वयमा खेल स्थल निर्धारण गर्न सक्नेछ । राष्ट्रिय प्रतियोगिता आयोजना नहुने जिल्लाहरूमा प्रदेश प्रतियोगिताको आयोजना स्थल राख्न प्राथमिकता दिइनेछ ।

१७. <u>स्वयंसेवक परिचालनः</u> राष्ट्रिय खेलकुद प्रतियोगिता सफलता पूर्वक सम्पन्न गर्नका लागि आवश्यकता अनुसार निश्चित समायवधिका लागि स्वयंसेवक परिचालन गर्न सकिनेछ । यसरी परिचालन हुने स्वयंसेवकहरूको पारिश्रमिकको हकमा आर्थिक कार्यविधि अनुसार हुनेछ ।

१८. <u>रेफ्रि, जज (निर्णायक) र जुरी व्यवस्थापनः</u> सम्बन्धित राष्ट्रिय संघले खेलको प्रकृति अनुसार रेफ्रि, जज र जुरीको संख्या निर्धारण गरी प्राविधिक उपसमितिले कार्यकारी समिति समक्ष स्वीकृतिका लागि पेश गर्नुपर्नेछ । यसरी पेश भएको रेफ्री, जज र जुरीको संख्यालाई औचित्यताको आधारमा कार्यकारी समितिले स्वीकृति प्रदान गर्न सक्नेछ ।

१९. <u>खेलाडी कोटा निर्धारणः</u> राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश भएका सबै खेलका खेलाडीहरू सबै जिल्लाहरूमा उपलब्धता नहुने भएकाले सम्बन्धित राष्ट्रिय संघ र मुख्य प्रशिक्षकको सिफारिसमा प्राप्त भएका जिल्लागत कोटाहरू अध्ययन गरी प्राविधिक उपसमितिको सिफारिसका आधारमा कार्यकारी समितिले खेलाडी संख्या सहितको कोटा निर्धारण गर्नेछ ।

## परिच्छेद – ६

## <u>आर्थिक सुविधा तथा खर्च सम्बन्धी नर्म्स</u>

२०. <u>आर्थिक सुविधाः</u> राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने अफिसियल तथा खेलाडीहरूको सुविधा अनुसूची दुईमा उल्लेखित आर्थिक कार्यविधि अनुसार हुनेछ ।

२१. <u>खर्च सम्बन्धी नर्म्सहरूः</u> खर्च सम्बन्धी नर्म्सहरू अनुसूची तीन बमोजिम हुनेछ ।

## परिच्छेद – ७

## <u>विविध</u>

२२. <u>सपथ ग्रहणः</u> राष्ट्रिय प्रतियोगितामा सहभागी भएका रेफ्री, जज, जुरी र खेलाडीहरूले तोकिए, बमोजिमको सपथ ग्रहण लिनुपर्नेछ ।

२३. <u>आचारसंहिताः</u> प्रतियोगिता अवधिभर सहभागी खेलाडीहरू, आचरण एवं अनुशासनमा रहे वा नरहेको हेर्ने जिम्मेवारी जिल्लाबाट प्रदेशमा सहभागी हुँदा सम्बन्धित जिल्लाको टोली नेता, व्यवस्थापक तथा अफिसियलमा रहनेछ । त्यसै गरी प्रदेशबाट राष्ट्रिय प्रतियोगितामा आउँदा प्रदेश टोली नेता, व्यवस्थापक तथा अफिसियलको रहनेछ । प्रदेश तथा राष्ट्रिय प्रतियोगिताको मर्यादामा आघात पुग्ने गरी अवाञ्छनीय क्रियाकलापमा संलग्न हुने सहभागीमाथि आयोजक समिति र सम्बन्धित संघले कसुर अनुसारको कारवाही गरी परिषद्लाई जानकारी गराउनु पर्नेछ र तत्सम्बन्धमा राष्ट्रिय खेलकुद परिषद्को निर्णय अन्तिम हुनेछ ।

२४. <u>प्रतियोगिताबाट अलग हुन नपाउनेः</u> प्रदेश तथा राष्ट्रिय प्रतियोगितामा सहभागी टिम एवं खेलाडीहरू प्रतियोगिता अवधिभर प्रतियोगिताबाट अलग हुन पाउने छैनन् । तर विशेष कारणवश प्रतियोगिताबाट अलग हुनुपर्ने बाध्यात्मक स्थिति भएमा आयोजकको पूर्व स्वीकृति लिई प्रतियोगिताबाट बाहिरिन सक्नेछन् ।

२५. <u>प्रतियोगिता स्थगितको अवस्थाः</u> कुनै प्रतियोगिता वा खेल मौसमको गडबडी वा कुनै आकस्मिक घटनाका कारणबाट खेल स्थगित भएमा सो प्रतियोगिता राष्ट्रिय खेलकुद परिषद् तथा सम्बन्धित खेल संघसँग सल्लाह गरी आयोजक समितिले निर्धारण गरेको स्थान, समय र मितिमा गरिनेछ ।

२६. <u>झण्डाको व्यवस्थाः</u> राष्ट्रिय खेलकुद परिषद्ले प्रदेशगत रूपमा तोके बमोजिमको झण्डा सम्बन्धित प्रदेशले तयार गर्नुपर्नेछ ।

२७. <u>पुरस्कार सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश र राष्ट्रिय प्रतियोगितामा विजयी खेलाडीहरूको लागि राष्ट्रिय खेलकुद परिषद्ले पदक र प्रमाणपत्रको व्यवस्था गर्नेछ ।

(२) टिम गेमको हकमा जिल्ला तथा प्रदेश टिममा सहभागी भई छनौट भएका खेलाडीहरूलाई मात्र पदक तथा प्रमाणपत्र उपलब्ध गराइनेछ ।

२८. <u>प्रतीक चिन्ह (लोगो):</u> राष्ट्रिय खेलकुद परिषद्ले राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रतीक चिन्ह (लोगो) तयार गरी प्रयोगमा ल्याउन सक्नेछ । तर प्रतीक चिन्हमा सम्बन्धित प्रदेशको पहिचान समेत झल्कने स्पष्ट संकेत भएको हुनु पर्नेछ ।

२९. <u>मस्कटः</u> राष्ट्रिय खेलकुद परिषद्ले राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रदेशगत रूपमा पाइने लोकप्रिय जनावर वा पन्छी मध्ये जुन लोकप्रिय छ, त्यसलाई मस्कटको रूपमा प्रयोगमा ल्याउन सक्नेछ।

३०. <u>**खेलकुद गीतः**</u> राष्ट्रिय खेलकुद परिषद्ले राष्ट्रिय स्तरको खेलकुद गीत तयार गरी प्रयोगमा ल्याउन सक्नेछ ।

३१. <u>**सुझाव सहितको प्रतिवेदन पेश गर्नेः**</u> आयोजक समिति तथा सहभागी प्रदेशहरूले प्रतियोगिता सकिएको पैंतालीस (४५) दिनभित्र सुझाव सहितको प्रतिवेदन राष्ट्रिय खेलकुद परिषद्लाई उपलब्ध गराउनु पर्नेछ ।

३२. <u>**निर्देशिका सम्बन्धी अन्तिम निर्णयः**</u> यस निर्देशिकामा उल्लेख नभएका र निर्देशिकामा स्पष्ट व्याख्या हुन नसकेका विषयवस्तुहरूको सन्दर्भमा परिषद्ले गरेको निर्णय नै अन्तिम निर्णय मानिनेछ ।

३३. <u>**निर्देशिका संशोधनः**</u> मन्त्रालयले राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७५ लाई समयानुकुल संशोधन गर्न सक्नेछ तर आर्थिक दायित्व थप हुने सम्बन्धमा निर्णय लिनुपूर्व अर्थमन्त्रालयको सहमति अनिवार्य रूपमा लिनुपर्नेछ ।

अनुसूचि : १

**खेलाडी दर्ता फाराम**

(दफा ६ को (ग) सँग सम्बन्धित)

.................. जिल्ला/प्रदेश /राष्ट्रिय/विभाग

खेलाडी दर्ता नं. : ........................... दर्ता मिति : ......................

प्रदेशः ............................ जिल्ला/विभागीय : ............................

खेलाडीको नाम : ..........................................................................................

लिङ्गः ......................... ............... उचाइ : ...............................................

तौल : .............................. जन्म मिति : .............................. नागरिकता : ..................

पेशाः ............................ .............शैक्षिक योग्यता : ....................................................

अध्ययन गरेको विद्यालय/ विश्वविद्यालयको नाम : ..................................................................

खेलको नाम : ............................................ इभेन्ट : ......................................................

खेल सुरू गरेको मिति : ..........................................................

प्रशिक्षकको नाम : ..............................................................

**हालसम्म सहभागी प्रतियोगिताको नामः**

१.......................................................२...........................................................

**हाल सम्मको उच्चतम उपलब्धीः**

१) ..........................................................२........................................................

**स्थायी ठेगानाः**

प्रदेश .............. जिल्ला ........................... न.पा./गा.पा...................................... वडा नं. .................... सम्पर्क नं. ........................ .मोवाईल नं. .......................................

**बाबु वा आमाको नामः** ............................................... पेशा : .......................................

**जिल्ला खे.वि.स./प्रदेश/विभागीय र गैर आवासीय नेपाली संघ (एन.आर.एन.ए. ) कार्यालयले प्रमाणित गर्ने**(जिल्लाको हकमा कार्यालय प्रमुख/अध्यक्ष,प्रदेशको हकमा प्रमुख/ अध्यक्ष र विभागीय टिमको हकमा विभागीय प्रमुख/ एन.आर.एन.को सम्बन्धित निकाय)

| | | |
|---|---|---|
| (क) नाम .......... | (ख) नाम ......... | (ग) नाम........... |
| पदः | पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः |
| कार्यालयको छाप | कार्यालयको छाप | कार्यालयको छाप |

**नियमहरू:**

१. खेलाडीहरूको स्थायी बसोबास भएको जिल्लाबाट खेलाडी दर्ता फाराम भरी जिल्लामा दर्ता भएपछि मात्र जिल्ला/प्रदेश प्रतियोगितामा सहभागी हुन पाउनेछ ।

२. कुनै खेलाडी एक जिल्लाबाट अर्को जिल्लामा गई खेल खेल्न चाहेमा बसाइ सराइको प्रमाणपत्र पेश गरी बसाइ सराइ भएको जिल्लाबाट खेलाडी दर्ता फाराम भरी जिल्लामा दर्ता भएपछि मात्र उक्त जिल्लाबाट प्रतियोगितामा सहभागी हुन पाउनेछ ।

३. आफू कार्यरत जिल्ला/आफ्नो अभिभावक कुनै जिल्लामा कार्यरत भएमा आफूले प्रतियोगितामा सहभागी हुन चाहेमा सम्बन्धित जिल्लाबाट कागजात प्रमाणित गरी सहभागी हुन पाउनेछ ।

४. विभागीय टिमहरूको सम्वन्धमा विभागको सिफारिसको आधारमा खेलाडीहरूलाई सहभागी गराइनेछ।

५. गैर आवासीय नेपाली संघ (एन.आर.एन.ए.) टिमको हकमा सम्बन्धित निकायको सिफारिसको आधारमा खेलाडीहरूलाई सहभागी गराइनेछ ।

६. राष्ट्रिय खेलकुद नीति, नियम र निर्देशनलाई पूर्ण पालना गर्दै खेलाडीहरुले सहभागी हुने जुनसुकै प्रशिक्षण तथा प्रतियोगितामा खेलकुदको उच्च आर्दश अनुरूप अनुशासित भई खेल खेल्ने प्रतिज्ञा गर्नुपर्नेछ ।

७. प्रतियोगिताको समयमा कुनै खेलाडी गम्भीर रूपले घाइते भएमा त्यसका लागि लाग्ने उपचार खर्च परिषद्ले व्यहोर्ने छ ।

८. खेलकुदको मर्म र आर्दश प्रतिकूल हुने गरी खेलाडीहरुले कुनै पनि क्रियाकलाप गरेमा राष्ट्रिय खेलकुद परिषद्ले नियमानुसार दण्ड/सजाय एवं कारवाही गर्नेछ ।

माथि लेखिएका सम्पूर्ण व्यहोरा ठिक साँचो हो । झुठा ठहरेमा नियम कानून अनुसार सहुँला बुझाउँला ।

खेलाडीको नाम र ठेगाना :

खेलाडीको हस्ताक्षर :

मिति :

अनुसूचि : २

**आर्थिक कार्यविधि**(दफा २१ सँग सम्बन्धित)

**परिच्छेद एक**

**रकम निकासा तथा खर्च**

१. **रकम निकासा तथा खर्च सम्बन्धी व्यवस्थाः** रकम निकासा तथा खर्च सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ ।

(१) प्रतियोगितामा सञ्चालन गर्दा स्वीकृत बजेटको परिधिभित्र रही गर्नुपर्नेछ ।

(२) प्रतियोगिताका सहभागीहरूको दैनिक भत्ता र निर्णायक भत्ता तथा अन्य शीर्षकहरूमा रकम खर्च गर्नु पर्दा देहायअनुसार गर्नुपर्नेछ ।

(क) जिल्ला र प्रदेश खेलकुद प्रतियोगिताको हकमा प्रदेश खेलकुद विकास समिति, जिल्ला खेलकुद विकास समिति वा समितिले अधिकार प्रत्यायोजन गरेको व्यक्तिको स्वीकृती लिइ खर्च गर्नुपर्नेछ ।

(ख) राष्ट्रिय खेलकुद प्रतियोगिताको हकमा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव वा निजले अधिकार प्रत्यायोजन गरेको व्यक्तिद्वारा स्वीकृति लिई खर्च गर्नुपर्नेछ ।

(ग) प्रदेश खेलकुद प्रतियोगिता सञ्चालन गर्नका लागि चाहिने स्वीकृत बजेट नेपाल सरकारले प्रदेश खेलकुद विकास समितिलाई र परिषद्ले सम्बन्धित प्रदेश खेलकुद परिषद्मा उपलब्ध गराउनु पर्नेछ । प्रदेश खेलकुद विकास समितिमार्फत् सम्बन्धित आयोजक जिल्लालाई उक्त रकम उपलब्ध गराउन पनि सक्नेछ ।

(घ) राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक र व्यवस्थापकहरूका लागि मात्र राष्ट्रिय खेलकुद परिषद्बाट झोला, ट्र्याकसुट, जर्सी सेट, जुत्ता, मोजा, टावेल उपलब्ध गराइनेछ ।

(ङ) प्रदेश खेलकुद प्रतियोगिताको लागि छपाइ तथा प्राविधिक कागजात आदिको व्यवस्था सम्बन्धित प्रदेश खेलकुद विकास समितिले गर्नुपर्नेछ र स्वीकृत बजेट भित्रबाट सो वापतको रकम उपलब्ध गराइनेछ ।

(च) राष्ट्रिय प्रतियोगिताका लागि निकासा भएको रकमको हिसाब किताबको बिल भरपाइ प्रतियोगिता समाप्त भएको ३५ (पैंतीस) दिनभित्र सम्बन्धित समितिले राष्ट्रिय खेलकुद परिषद्मा पेश गर्नुपर्नेछ ।फछ्र्योट गर्ने र गराउने जिम्मा राष्ट्रिय प्रतियोगिताका लागि गठित उपसमिति, जिल्ला तथा प्रदेश खेलकुद विकास समितिका अध्यक्ष र सचिवको हुनेछ ।

(३) सिद्धान्ततः प्रतियोगिताको सञ्चालन बजेट शीर्षक भित्र रही खर्च गर्नु गराउनु पर्नेछ । तर कुनै कारणवश कुनै शीर्षकमा बजेट नपुग भई खर्च नगरी नहुने अवस्था आइपरेमा दैनिक तथा

भ्रमण भत्ता बाहेक अन्य शीर्षकमा भएको वचत रकमबाट राष्ट्रिय खेलकुद परिषद्को स्वीकृति लिई रकमान्तर गरी खर्च गर्न सकिनेछ ।

(४) राष्ट्रिय खेलकुद प्रतियोगिता अवधिभित्र कुनै आकस्मिक घट्ना भई प्रतियोगिताका लागि छुटयाइएको रकम नपुग भै कार्य गर्न नसकिने अवस्था परेमा प्रतियोगिता आयोजक समितिले निर्णय गरी राष्ट्रिय खेलकुद परिषद्मा रकमका लागि अनुरोध गर्नुपर्नेछ ।

(५) निर्णायकहरूलाई दैनिक भत्ता एवं अन्य भत्ता दिँदा तीन सदस्यीय प्राविधिक समिति गठन गरी (प्राविधिक समिति, प्रतिनिधि, प्रमुख प्रशिक्षक, कार्यालय प्रमुख) समितिको सिफारिसमा देहायअनुसारका आधारमा दिइनेछ ।

(क) राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेश खेलकुद विकास समितिले पठाएको पत्रको आधारमा दिइनेछ ।

(ख) खेलाडी तथा टिममा समावेश भई आउने टिम मेनेजर, टिम कोचको हकमा प्रदेश प्रतियोगितामा सम्बन्धित जिल्ला खेलकुद विकास समितिको सिफारिसमा दिइनेछ ।

(६) दैनिक भ्रमण भत्ता सहभागी टिमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकको दस्तखत गराई सम्बन्धित व्यवस्थापकमार्फत् उपलब्ध गराइनेछ ।

(७) प्रतियोगिताको प्रचार प्रसारका लागि गरिने पोष्टर, पम्प्लेट, ब्यानर, माइकिङ्ग, किट, ब्याच आदिको रकमका लागि व्यवस्थापन र समारोहको बजेटले अपुग भएमा सम्बन्धित आयोजक समितिले आन्तरिक श्रोतको व्यवस्था गर्नुपर्नेछ । टिकटको व्यवस्था गरेको भए सोबाट खर्च गर्नुपर्नेछ ।

## परिच्छेद - दुई

## भत्ता तथा अन्य सुविधा

२. **भत्ता तथा अन्य सुविधा सम्बन्धी व्यवस्थाः** राष्ट्रिय खेलकुद परिषद्बाट निर्धारित प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, टिम मेनेजर, निर्णायक र अन्य अफिसियल तथा पदाधिकारीहरूलाई आर्थिक नर्म्स अनुसारको दैनिक तथा भ्रमण भत्ता तथा सुविधा उपलब्ध गराइनेछ । उक्त नर्म्स अनुसार प्रदेश तथा राष्ट्रिय प्रतियोगितामा सहभागी हुनेहरूलाई सुविधा उपलब्ध गराइने तर जिल्ला प्रतियोगितामा सहभागी हुनेहरूको हकमा जिल्लाले नै व्यवस्था गर्नुपर्नेछ ।

(क) राष्ट्रिय खेलकुदको प्रशिक्षण एवं प्रतियोगिताको अनुगमन गर्नेलाई राष्ट्रिय खेलकुद परिषद्को आर्थिक नियमानुसार दैनिक भत्ता दिइनेछ ।

(ख) आर्थिक नर्म्स अनुसारको खाना तथा बसोबास खर्च स्थानीय सहभागीहरूलाई प्रतियोगिता सुरू हुनुभन्दा एक दिन अगाडि देखि आफ्नो टिमको प्रतियोगिता अवधिसम्म मात्र दिइनेछ । अर्को जिल्लाबाट आउने सहभागीहरूलाई बाटोको लागि लाग्ने दिन खाना तथा बसोबास खर्च दिइनेछ ।

ग) आर्थिक नर्म्स अनुसारको दैनिक भत्तामा कुनै स्थान विशेषमा दिइने थप सुविधा दिइने छैन।

३. **<u>भ्रमण खर्चः</u>** भ्रमण खर्च उपलब्ध गराउँदा देहायअनुसार उपलब्ध गराइनेछ ।

(क) राष्ट्रिय खेलकुद प्रतियोगिता, प्रदेश खेलकुद प्रतियोगिता तथा बन्द प्रशिक्षणमा सहभागी हुने सबै सहभागीहरूलाई भ्रमण खर्च वापत (विशेष परिस्थिति वा विशेष स्वीकृति भएको अवस्थामा बाहेक) सबैलाई बस भाडा बापतको रकम उपलब्ध गराइनेछ ।

(ख) हिंडेर आउन समस्या पर्ने र यातायातको सुविधा नपुगेका दुर्गम जिल्लाका सहभागीहरूलाई टिकट पेश नगरेमा वा पैदल आएको खण्डमा निजहरूले हवाइजहाज प्रयोग गर्दा पाउने प्रचलित हवाइजहाज भाडा दर बराबरको रकममा ननाघ्ने गरी भ्रमण खर्च मात्र दिइनेछ।

(ग) भ्रमण भत्तामा कोषको भत्ता थप वा प्रतिशत थप दिइने छैन ।

४. **<u>निर्णायक भत्ताः</u>** (१) निर्णायक भत्ता आर्थिक नर्म्स अनुसार उपलब्ध गराइनेछ ।

(२) कुनै पनि निर्णायकले एकै दिनमा एकभन्दा वढी खेलको निर्णायक भई काम गरे तापनि एक दिन नै मानी निर्णायक भत्ता दिइनेछ ।

५. कुनै पनि सहभागीलाई दोहोरो पर्ने गरी दैनिक तथा भ्रमण भत्ता दिइने छैन ।

६. राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न गर्न चाहिने खरिद तथा निर्माणसम्बन्धी कार्य सार्वजनिक खरिद ऐन नियम बमोजिम नै गर्नुपर्नेछ ।

७. राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि गठित विभिन्न उप– समितिका पदाधिकारीका नाममा पेश्की दिइ सम्बन्धित उप– समितिले तोकिएको कार्य गर्न गराउन सकिनेछ ।

८. यसरी काममा खटिने व्यक्ति र कर्मचारीहरूका लागि कार्य विवरण सहित सदस्य सचिवबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

९. प्रदेश प्रतियोगिताको लागि कार्यकारी समितिबाट स्वीकृत बजेट सम्बन्धित प्रदेशमा पठाइनेछ ।

१०. राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकहरूको सुविधा सम्बन्धित प्रदेश खेलकुद विकास समिति तथा विभागीय टोलीको हकमा सम्बन्धित विभाग मार्फत् उपलब्ध गराइनेछ भने निर्णायकहरूको सुविधा सम्बन्धित खेलको राष्ट्रिय संघमार्फत् उपलब्ध गराइनेछ।

११. राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने सम्पूर्ण खेलाडी तथा अफिसियलहरूको प्रतियोगिता अवधिभरका लागि दुर्घटना बिमा गरिनेछ ।

## अनुसूचि - ३

**<u>खर्चका नर्म्सहरू</u>** (दफा २२ सँग सम्बन्धित)

१) प्रशिक्षक परिचालन अन्तर्गत एक जिल्लाबाट अर्को जिल्लामा खेलाडीहरूलाई प्रशिक्षण दिन जाँदा प्रति व्यक्ति प्रति दिन रू.७००।– खाना बसोबास वापत उपलब्ध गराउने ।

२) जिल्ला छनौट प्रतियोगिताका लागि सहभागीहरूको खाना बसोबास तथा आवतजावत लगायत सम्पूर्ण खर्चको व्यवस्थापनका निमित्त सातौं राष्ट्रिय खेलकुद –२०७३ मा विनियोजित रकम बराबरको खेलाडी छनौट र खेल सामाग्रीका निमित्त रकम विनियोजन गरिनेछ ।

३) प्रदेश प्रतियोगिताका लागि प्रत्येक प्रदेशलाई खेल सामाग्री व्यवस्थाका लागि रू. ५,००,०००।– र समारोह व्यवस्थापनका लागि रू. ३,००,०००।– का दरले उपलब्ध गराउने ।

४) राष्ट्रिय प्रतियोगिताका लागि सम्बन्धित खेल संघहरूलाई उपलब्ध गराउने स्वीकृत बजेटको परिधिभित्र रही कन्ट्याक्ट गेमका लागि म्याट र अन्य खेलहरूका लागि खेल सामाग्री खरिद गरी उपलब्ध गराउने ।

५) विभागीय टिमहरूलाई खेल सामाग्री तथा राष्ट्रिय प्रतियोगितामा सहभागी हुने टिमको तयारीका लागि एकमुष्ट रू.५ लाखका दरले उपलब्ध गराइने छ ।

६) प्रदेश प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, व्यवस्थापक, अफिसियल र निर्णायकहरूलाई खाना बसोबास वापत प्रतिव्यक्ति प्रतिदिन रू. १०००।– का दरले उपलब्ध गराइनेछ ।

७) प्रदेश प्रतियोगिता पश्चात् राष्ट्रिय प्रतियोगिताको बन्द प्रशिक्षणमा समावेश हुने खेलाडी, प्रशिक्षक, व्यवस्थापकलाई खाना तथा बसोबास वापत प्रतिदिन रू. १०००।–का दरले उपलब्ध गराइनेछ ।

८) राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, व्यवस्थापक, अफिसियल, निर्णायकहरूलाई खाना बसोबास तथा पकेट खर्च वापत प्रतिव्यक्ति प्रतिदिन रू.१४००।– का दरले उपलब्ध गराइने छ ।

९) राष्ट्रिय प्रतियोगितामा सहभागी हुन आउने राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने जिल्ला बाहेकका खेलाडी, प्रशिक्षक, व्यवस्थापक, अफिसियलहरूलाई सम्बन्धित खेलको प्रतियोगिता समाप्त भएको दिनको भोलिपल्ट सम्मको लागि तोकिएको सुविधा उपलब्ध गराइनेछ । तर प्रतियोगिता आयोजना गर्ने जिल्लाहरूको हकमा यो व्यवस्था लागु हुनेछैन ।

१०) प्रदेश तथा राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, व्यवस्थापक, निर्णायकहरूलाई भ्रमण खर्च वापत दुर्गम हिमाली बस नपुगेको जिल्ला बाहेक अन्यलाई बस भाडा वापतको रकम र दुर्गम हिमाली जिल्लाका सहभागीलाई हवाइ भाडा उपलब्ध गराइनेछ।

११) राष्ट्रिय खेलकुद प्रतियोगितामा निर्णायक भई काम गर्नेलाई निर्णायक भई काम गरेको दिनको खाना बसोबास र भ्रमण खर्चका अतिरिक्त अन्तराष्ट्रिय निर्णायकलाई रू.६००, राष्ट्रिय निर्णायकलाई रू. ५००, सहयोगी निर्णायकलाई रू.४०० निर्णायक भत्ता १५ प्रतिशत कर कट्टा गरी उपलब्ध गराइनेछ ।

१२) प्रशिक्षण, प्रतियोगिता, खेल स्थल र अन्य खेलसँग सम्बन्धित कार्यालयको काममा खटिने तथा अनुगमन निरीक्षणमा जाने पदाधिकारी तथा कर्मचारीहरूलाई स्वीकृत भ्रमण आदेशका आधारमा आर्थिक नियमानुसार पाउने दैनिक तथा भ्रमण खर्च उपलब्ध गराइनेछ । भ्रमण अवधि ७ दिन भन्दा बढी भएमा खाना बसोबास वापत राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडी सरह उपलब्ध गराइनेछ ।

१३) राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि गठित कार्यकारी समितिका पदाधिकारी, सदस्यहरू र उपसमितिको वैठक भत्ता वापत नेपाल सरकार तोके सरहको रकम उपलब्ध गराइनेछ ।

१४) राष्ट्रिय प्रतियोगिताको दौरान कार्यालय समय अतिरिक्त ३ (तीन) घण्टा भन्दा बढी र सार्वजनिक बिदामा काममा खटिने पदाधिकारी तथा कर्मचारीहरूलाई खाना, खाजा, पारवहन वापत प्रति व्यक्ति प्रतिदिन रू.६००।– का दरले खटिएको औचित्य पुष्टि गरी उपलब्ध गराइनेछ ।

१५) राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, अफिसियल र व्यवस्थापकहरूलाई ट्र्याकसुट, जुत्ता, मोजा, जर्सी, टावेल सहितको झोला प्रतिव्यक्ति रू.४५००।– का दरले नबढ्ने गरी उपलब्ध गराउने ।

१६) राष्ट्रिय खेलकुद परिषद्का पदाधिकारी तथा कार्यकारी समितिका पदाधिकारीहरूलाई प्रतिव्यक्ति रू.९०००।– मा नबढ्ने गरी कोट, पाइन्ट र सर्ट उपलब्ध गराइनेछ ।

१७) निर्णायकहरूलाई प्रतिव्यक्ति रू.५००।– नबढ्ने गरी जर्सी उपलब्ध गराइनेछ ।

१८) राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक प्राप्त गर्ने व्यक्तिगत इभेन्टका खेलाडीलाई जनही रू.१५०००।– र टिम गेम्सका खेलाडीहरूलाई जनही रू.७०००।- का दरले पुरस्कार उपलब्ध गराइनेछ ।

१९) राष्ट्रिय खेलकुद २०७५ मा रेकर्ड ब्रेक गर्ने खेलाडीलाई प्रति खेलाडी रू.२५,०००।- उपलब्ध गराइनेछ ।

२०) जिल्ला, क्षेत्र र राष्ट्रिय खेलकुद प्रतियोगिताका निमित्त खरिद गर्नुपर्ने सामाग्रीहरू सार्वजनिक खरिद ऐन २०६३ बमोजिम खरिद गरिनेछ ।

२१) राष्ट्रिय प्रतियोगितामा सहभागी हुने व्यक्तिगत तर्फका खेलाडीहरूलाई सम्बन्धित टिमको खेल समाप्त नहुँदा सम्मको सुविधा उपलब्ध गराउनेछ भने सामूहिक स्पर्धातर्फ खेल समाप्त भएको भोलि पल्ट सम्मको सुविधा उपलब्ध गराइनेछ ।

२२) प्रशिक्षण प्रतियोगिताका लागि जिल्ला, प्रदेश तथा राष्ट्रिय प्रतियोगिता आयोजनास्थलमा प्रशिक्षक तथा कर्मचारी आवश्यक भएको व्यहोरा जिम्मेवार पदाधिकारीबाट निर्णय गराई प्रतियोगिता समाप्त भएको भोलिपल्ट स्वतः हट्ने गरी बढीमा १२५ जना कर्मचारी, प्रशिक्षकलाई स्वयंसेवकको रूपमा काममा लगाउन सकिनेछ । निजलाई काम गरेको दिनको लागि खाना, खाजा वापत प्रति दिन रू.६००।– उपलब्ध गराइनेछ ।